नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:-४७५

मितिः२०८३।०२।२२

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै।

विषयः हुलाक कार्यालयलाई आवश्यक पर्ने स्रोत साधनको व्यवस्था र सहजीकरण सम्वन्धमा ।

प्रस्तुत विषयमा सूचना तथा सञ्चार मन्त्रालयको प.सं.२०८२/८३ च.नं.प्रशासन/२७९४ मिति २०८३/०२/१८ को पत्र मार्फत शासकीय सुधार कार्यसूचीको बुँदा नं. २७ मा सरकारी सेवा नागरिकको घरदैलोमा उपलव्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी सरकारी कुरीयरको रुपमा विकास गर्ने रहेको हुँदा गाउँपालिका/नगरपालिका भित्रका हुलाक कार्यालयहरुलाई आवश्यक पर्ने स्रोत साधन प्रदेश सरकार मार्फत व्यवस्था गरी सहजीकरण गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने व्यहोराको पत्र यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यर्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा सञ्चार मन्त्रालय, सिहदरवार ,काठमाडौ,

श्री सूचना प्रविधि शाखाःवेवसाइटमा अपलोड गरिदिनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

## प्रशासन तथा विकास सहायता समन्वय शाखा

सिंहदरबार, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- प्रशासन/२७९४

मिति :- वि.सं. २०८३/०२/१८

ने.स. :- ११४६ अनलागा.१ सोमवार

विषयः समन्वय एवं सहजीकरण गरिदिनुहुन

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय , सिंहदरबार, काठमाण्डौं

श्री भूमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।

प्रस्तुत विषयमा हुलाक सेवा विभागको प.सं. ०८२/८३, च.नं. १६००, मिति २०८३/२/११ को पत्रको छायाँप्रति संलग्न छ। उक्त पत्रबाट शासकीय सुधार कार्यसूचीको बुँदा नं. २७ मा **सरकारी सेवा नागरिकको घरदैलोमा उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी Government Courier का रुपमा विकास गर्ने** रहेको र उक्त कार्यका लागि पालिकास्तरमा रहेका हुलाक कार्यालयहरुमा स्रोत साधन पर्याप्त हुन आवश्यक हुने तर धेरै जनशक्ति र ठूलो संरचना भएको हुलाक सेवामा अनिवार्य दायित्वमा अधिकतम बजेट खर्च हुने भएकोले न्यूनतम् स्रोत साधनका लागि पनि आवश्यक बजेट व्यवस्था गर्न कठिनाइ भएको हुँदा प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रम र बजेटमा हुलाक कार्यालयहरुलाई आवश्यक पर्ने स्रोत साधन (भवन, सवारी साधन, फर्निचर, सूचना प्रविधि उपकरण लगायत) प्रदेश सरकार मार्फत व्यवस्था गरी सहजीकरण गरिदिन सबै स्थानीय तहहरुलाई अनुरोध गर्न लेखी आएकोले तहाँबाट आवश्यक समन्वय एवं सहजीकरण गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Achyut Dahal
achyut.dahal@nepal.gov.np

(अच्युत दाहाल)
शाखा अधिकृत

सादर अवगतार्थ :

श्री मन्त्रीज्यूको सचिवालय

बोधार्थः

श्री हुलाक सेवा विभाग

बबरमहल, काठमाडौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

प.सं. :- २०८२/८३
च.नं. :- १६००

मिति :- २०८३/०२/११

ने.स. :- ११४६ अनलाथ्व:,९ सोमवार

विषयः सहजीकरण सम्बन्धमा ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत १०० बुँदे शासकीय सुधार कार्यसूची अन्तर्गत समावेश २७ नं बुँदा मा **सरकारी सेवा नागरिकको घरदैलोमा उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी Government Curior का रुपमा विकास गर्ने** कार्यका लागि पालिका स्तरमा रहेका हुलाक कार्यालयहरुमा स्रोत साधन पर्याप्त हुन आवश्यक हुन्छ। संघ देखि पालिकस्तर सम्म फैलिएको धेरै जनशक्ति र ठूलो संरचना भएको हुलाक सेवामा अनिवार्य दायित्वमा अधिकतम् बजेट खर्च हुने भएकोले न्यूनतम् स्रोत साधनका लागि पनि आवश्यक बजेट व्यवस्था गर्न कठिनाइ भएको अवस्था छ ।तसर्थ नेपाल सरकारको उक्त बुँदाको प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रम र बजेटमा हुलाक कार्यालयहरुलाई आवश्यक पर्ने स्रोत साधन (भवन, सवारी साधन, फर्निचर, सूचना प्रविधि उपकरण लगायत) प्रदेश सरकार मार्फत व्यवस्था गरी सहजीकरण गरिदिन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ ।

.................................
(ईश्वरी अर्याल)
शाखा अधिकृत

फोन नं. ०१-५३२४११६/११७, Website: www.nepalpost.gov.np, Email ID: info@nepalpost.gov.np,